
# प्रर्थन र आराधन गरौं !

## आराधना गाइड पुस्तक १


लेखक सुन हे किम
अनुवादक पाष्टर तिमोथी पुन



JESUS AND CHILDREN

# परिचय






## १. प्रभुको प्रशंसा

"१. प्रशंसा" को पेज निकालौं
र प्रभुको प्रशंसाको एउटा
गीत रोजौं !

## २. विश्वासको सार

"२. विश्वासको सार" को पेज निकालौं र
विश्वासको सार गरौं ।

## ३. बाइबलको पद पढौं

"३. बाइबलको पद" को पेज निकालौं र
बाइबलको कथा पढौं ।
प्रार्थना गरौं ।


### प्रार्थना गरौं ।

आफ्नो शब्दहरूद्वारा परमेश्वरलाई प्रार्थना गरौं ।

## ४. प्रभुले सिकाउनु भएको प्रार्थना

"४. प्रभुले सिकाउनु भएको प्रार्थना" को
पेज निकालौं र प्रार्थना गरौं ।





# सूचि

प्रशंसा .... २
प्रार्थना .... ८
पाठ .... १०
प्रार्थना .... ६६
स्टिकर नक्शा .... ६८

# १. प्रभुको प्रशंसा गरौं !



## ट्र्याक सुचि

1. I am the child of God
2. Jesus' love is very wonderful
3. I am a worshiper
4. I will pray to God
5. Rejoice
6. Money Money No No No!



# 1. I am the child of the God

I am the child of the God,
I am growing by the love of God
I am the child of the God,
I am raising by the word of God
I am praying like how Jesus did,
I share the love just like him.
walk by faith by believing in him,
I am the child of the God.



# 2. Jesus' love is very wonderful

Jesus' love is very wonderful
Jesus' love is very wonderful
Jesus' love is very wonderful
Oh! wonderful love

So high, you can't get over it
So low, you can't get under it
So wide, you can't get around it
Oh! wonderful love





# 3. I am a worshiper

Longing for amazing love,
we bow our knees
To worship you always
Thinking of your great love,
how sweet is your name.
Wherever I go, I'll worship you
Let my soul praise your name,
the greatest love, the perfect plan
With all my life, all my heart
I want to lift your name.
In this place, Lord. In this moment
Humbly, (we) come before to worship you.

# 4. I will pray to God

I will pray to God,
just like John and Peter
I will pray to God,
for the kingdom of Lord
when I pray,
Oh Jesus will lead the way for me
when I pray,
God will pour power on me.





# 5. Rejoice

Rejoice in the name of the Lord(x2),
I will rejoice in the freedom given by God
Rejoice in the name of the Lord(x2),
Our strength is praising his almighty name

let's dance to rejoice our God,
shout to praise our father
with all my heart,
(I) worship his name the king
of king the living God
God will give us new strength
as we behold our Lord
Our strength is praising his almighty name




# 6. Money, Money No!No!No!

Money, Money
No! No! No! no need for Heaven
Power, Power
No! No! No! no need for Heaven

Receive Jesus as your savior
and you can be there

Faith, Faith Faith
only by faith you can live with God





# २. विश्वासको सार



म तिमीहरूलाई भन्दछु, माग त तिमीहरूलाई दिइनेछ । खोज त तिमीहरूले भेट्टाउनेछौ । ढकढक्याओ त तिमीहरूका निम्ति खोलिनेछ ।लूका ११:९

# विश्वासको सार


म विश्वास गर्दछु
एक परमेश्वर सर्वशक्तिमान् पिता,
स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुनेमाथि ।
अनि उहाँको एकमात्र पुत्र हाम्रो प्रभु येशू ख्रीष्टमाथि,
जो पवित्र आत्माको शक्तिद्वारा गर्भ धारण हुनुभयो,
कन्या मरियम देखि जन्मनुभयो
जसले पन्तियस पिलातसको अधीनमा दुःख भोग्नुभयो
जो क्रूसमा टाँगिनुभयो, मर्नुभयो अनि गाडिनुभयो,
तेस्रो दिनमा मरेकाहरूबाट बिउँतनुभयो;
स्वर्गमा चढिजानुभयो,
अनि सर्वशक्तिमान् परमेश्वरको पिताको दाहिने हातपट्टि बस्नुभएको छ;
जहाँदेखि उहाँ जिउँदा र मरेकाहरूको न्याय गर्नलाई फेरि आउनुहुनेछ ।

म विश्वास गर्दछु पवित्र आत्मामाथि;
पवित्र मण्डलीमाथि;
पवित्रहरूको सङ्गतिमाथि
पाप मोचनमाथि;
शरीरको पुनरूत्थानमाथि;
र अजम्मरी जीवनमाथि ।

आमेन्

# ३. परमेश्वरको वचनलाई पढौँ !






आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गर्‍यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ ।

व्यवस्था २८:१

आइतबार

# येशूको जन्म

(मत्ती १:१८-२५)

१८ येशू ख्रीष्टको जन्म यस प्रकारले भयो: उहाँकी आमा मरियमको मगनी
योसेफसँग भएको थियो, तर उनीहरूको विवाह हुन अघि मरियम पवित्र
आत्माद्वारा गर्भवती भएकी थाहा भयो ।
१९ तर तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले, तिनलाई शर्ममा पार्ने
इच्छा नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे ।
२० तर जब उनले यी कुरा विचार गर्दैथिए, सपनामा परमप्रभुको दूत देखा परे,
र उनलाई यसो भने, "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार
गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट
हुनुहुन्छ ।
२१ तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ,
किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ ।"
२२ अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका
हुन् :
२३ "हेर कन्याले गर्भधारण गर्नेछिन्, र तिनले एउटा पुत्र जन्माउनेछिन्, र
उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग ।"
२४ योसेफ निद्राबाट ब्यूँझे, र परमप्रभुका दूतले उनलाई भनेबमोजिम उनले
मरियमलाई आफ्नी पत्नीको रूपमा स्वीकार गरे ।
२५ मरियमले पुत्र नजन्माउञ्जेल योसेफले तिनीसँग सहवास गरेनन् । योसेफले
उहाँको नाउँ येशू राखे ।

## येशूको पत्र

-मेरो प्यारो छोरा-छोरीहरूलाई,

मेरा सन्तानहरू, म किन डूँडमा जन्मिएँ भनी के सोच्नुभएको छ (अचम्म मान्नुभएको छ)? जुन भाँडोबाट घोडाले खान्छ ।
मेरो मतलव, म यो संसार सृष्टि गर्ने परमेश्वरको पुत्र हुँ !
म राजदरबारमा या धनी परिवारमा जन्मेको भए के हुन्थ्यो होला?

म डूँडमा जन्मिएँ ताकि मैले दुष्ट पापलाई बोक्न सकूँ, जुन अरू कसैले पनि समाधान गर्न सक्दैन । म तिमीलाई परमेश्वरको सन्तान बनाउन चाहन्थें ।
सबैलाई पापबाट बचाउनको लागि म विनम्र स्थितिमा चिसो गन्हाउने डूँडमा जन्मिएँ ।
त्यसैले, म आशा गर्दछु कि तिमीले 'आफ्नो छिमेकीलाई प्रेम गर्नें' मेरो आज्ञालाई नम्र हृदयले पालन गर्नेछौ ।
म तिमीलाई प्रेम गर्छु ।

-तिमीलाई माया गर्ने येशू-




3. Bible verse

## मनन गर्ने

१. तपाईंका पापहरू के-के जो तपाईंले येशूलाई बताउन आवश्यक छ ?

२. तपाईंले येशूको प्रेमको बारेमा कसलाई सिकाउन चाहनुहुन्छ ?
(येशू, कृपया ............लाई तपाईंमा विश्वास गर्न दिनुहोस् !)





## प्रार्थना

प्रिय येशू, यस संसारमा मेरो लागि आउनुभएकोमा धन्यवाद । मलाई परमेश्वरको सन्तान बनाउनुभएकोमा धन्यवाद ।

सोमबार

# परमेश्वरले हाम्रो लागि योजना गर्नुभएको बाटो

(भजनसंग्रह १३९:१-४, १६-१७)

१ हे परमप्रभु, तपाईंले मेरो पारख गर्नुभएको छ, अनि मलाई चिन्नुहुन्छ ।
२ तपाईंले मेरो बसाइ र मेरो उठाइ जान्नुहुन्छ, टाढैबाट मेरो विचार बुझ्नुहुन्छ ।
३ तपाईंले मेरो बाहिरी जवाइ र मेरो सुताइ स्पष्टसँग जान्नुहुन्छ, र मेरा सबै
आचरणहरूसँग तपाईं परिचित हुनुहुन्छ ।
४ मेरो जिब्रोमा कुनै कुरा आउन अघि नै, हे परमप्रभु, तपाईंले त्यो सम्पूर्ण रूपले
जान्नुहुन्छ ।
१६ तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे । मेरो निम्ति नियूक्त गरिएको
आयु तपाईंको पुस्तकमा लेखिएको थियो । त्यसको एउटै कुरा पनि पूर्ण हुन अघि
सब लेखिएका थिए ।
१७ हे परमेश्वर, मेरो निम्ति तपाईंका विचारहरू कति बहुमूल्य छन् ! तिनको
सङ्ख्या कति महान् छ !

## गवाही

जब जीन स्वर्गमा गइन्, उनी स्वर्गको पुस्ताकलयमा गइन् ।

"येशू ! येशू यता हेर्नुहोस् !"

जीनले "जीन किम" नामको पुस्तक निकालिन् र त्यो येशूलाई देखाइन् ।

त्यो पुस्तकको दायाँ र बायाँ पानाहरूमा लेखिएका विषयहरू फरक-फरक थिए ।

"येशू, यो पुस्तकको दायाँ र बायाँतिर लेखिएको कुराहरू फरक-फरक छन् त ।"

"हो, जीन, यो पुस्तकलाई जीवनको बाटो भनिन्छ । तिमीले कस्तो बाटो रोज्नुपर्छ, तिमीले कस्तो जीवन जिउने छौ भनेर परमेश्वरले तिम्रो लागि आफ्नो योजना लेख्नुभएको हो ।"

"बायाँका पानाहरूले तिम्रो लागि उत्तम मार्गहरू र परमेश्वरले तिमीलाई सृष्टि गर्नुभएको उद्देश्यहरूलाई देखाउँछ । दायाँका पानाहरूले तिमी ममा अनाज्ञाकारी भएको क्षणहरूलाई देखाउँछ ।"

जीनलाई पढ्नको लागि येशूले पुस्तकको पाना खोलिदिनुभयो ।

जब जीनले पढ्न थालिन्, उनी आफैंमा लज्जित भइन् । उनले परमेश्वरलाई नसोधि गरेका निर्णयहरू दहिनेपट्टि लेखिएका थिए । यसले ती क्षणहरूलाई देखाउँछ जुनबेला उनले आफूले चाहेका काम गरेकी थिइन् र गलत साथीहरूसँग भेटघाट गरेकी थिइन् ।

दायाँतर्फ उनले गरेको निर्णयहरूको कारण उनले लामो घुमाउरो यात्रा गर्नुपरेको कुरा जीनले थाहा पाइन् । यसले उनलाई परमेश्वरप्रति अनाज्ञाकारी इस्राएलीहरूको सम्झना गरायो । तिनीहरूले १५ दिनको छोटो बाटो जान सक्थ्यो तर त्यसको सट्टा ४० वर्षसम्म मरूभूमिमा भौंतारिए किनभने तिनीहरूले परमेश्वरको आज्ञापालन गरेनन् ।

जे भए पनि, जीनले बायाँ पानाहरू पढ्दा राहत पाइन् । उनले गरेका निर्णयहरू बायाँतर्फ थिए जो उनले परमेश्वरको आज्ञापालन गर्न रोजेका क्षणहरू हुन् । ती निर्णयहरूले स्वर्गमा अनन्त जीवनको लागि बाटो बनाए । जीनले सधैं येशूलाई प्रार्थना गर्ने र सोध्ने निर्णय गरिन् । उनले आफूलाई परमेश्वरलाई खुशी पार्ने बाटोमा हिँड्न भनिन् ।

स्रोत: स्वर्ग र नरकको गवाही - जीन किम





# मनन्

१. तपाईंको जीवनको पुस्तकको बायाँ पन्नामा लेखिएको कुनै राम्रा कुराहरू के-के हुन् ?

२. तपाईंको विचारमा परमेश्वरले तपाईंको लागि तयार गर्नुभएको बाटो के होला ?



# प्रार्थना

प्रिय येशू, मलाई मद्दत गर्नुहोस् ताकि म तपाईंले मेरो लागि तयार पार्नुभएको बाटोमा आज्ञाकारी हुन सकूँ ।

मङ्गलबार

# परमेश्वरले मलाई निको पार्नुभयो ।

### यर्मिया २९:११-१३

११ किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई ।
१२ तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु ।
१३ जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ ।"

## गवाही

मिस्टर पार्कको बुबा पाष्टर थिए ।
त्यसैले मिस्टर पार्क जवान हुँदा मण्डली जान्थे ।
तर जब मिस्टर पार्क ठूला भए तिनी मण्डली जान छोडे ।
बरू मिस्टर पार्कले विवाह गरे र सफल डाक्टर बने ।
तर एक दिन, उनको मुटुमा समस्या भयो ।
उनी यति धेरै बिरामी भए कि उनले राम्रोसँग खान पनि सकेनन् ।
मिस्टर पार्क धेरै बिरामी भएकाले उनी रूँदै मण्डलीमा गए ।
उनले परमेश्वरलाई प्रार्थना गरे: "हे परमेश्वर, म तपाईंमा विश्वास गर्न सक्दिनँ । तर जब म यहाँ आएर प्रार्थना गर्छु, मेरो मुटु दुख्न छोड्छ । हे परमेश्वर, यदि तपाईंले नै यो गर्नुभएको हो भने कृपया मलाई भन्नुहोस् ।"
परमेश्वरले उत्तर दिनुभयो: "मेरो छोरा ! म तिम्रो परमेश्वर हुँ । तिमी मेरो प्यारो सेवक हौ ।"

मिस्टर पार्कले जवाफ दिए : "हे परमेश्वर ! त्यसो भए मलाई तपाईंलाई विश्वास गर्न दिनुहोस् ।"
परमेश्वरले सबै गरिसक्नु भएपछि पनि, मिस्टर पार्कले अझै पनि परमेश्वरमा विश्वास गर्न सकेनन् ।
उनको रोग झन् झन् खराब हुँदै गयो ।
जब मिस्टर पार्क मर्नै लागेका थिए, उहाँ फेरि एक पटक मण्डलीमा जानुभयो ।
"यो यसरी सकिन्छ । अब समय आएको छ, मैले शान्ति पाउँछु ।"
तर त्यो क्षणमा, मिस्टर पार्कले दर्शन देखे ।
स्वर्गदूत जस्तै देखिने स्त्रीले एउटा ठूलो ट्रेमा केही लिएर उहाँकहाँ आइन् ।
पहिला तिनले मिस्टर पार्कको मुटुमा मसाज गरिन् र त्यसपछि तिनले ट्रेमा भएको कुरा होशियारपूर्वक उठाइन् र मिस्टर पार्कको मुटुमा राखिन् । यो उसलाई शल्यक्रिया गरेको जस्तो थियो ।
जब स्वर्गदूत गए, मिस्टर पार्क उठे ।
"मेरो मुटु फेरि सामान्य भयो ! मलाई दुखाई थियो, तर अब म निको भएको छु !"
तुरून्तै मिस्टर पार्कले परमेश्वरको आवाज सुने: "मेरो प्यारो सेवक ! मैले तिम्रो मुटुलाई निको पारेको छु । त्यसैले तिमी मेरो सेवक बन्नुपर्छ ।
अन्ततः मिस्टर पार्कले परमेश्वरमा विश्वास गरे । उनले पाष्टर बन्ने र आफ्नो बाँकी जीवन परमेश्वरको सेवा गर्ने निर्णय गरे ।
स्रोतः पाष्टर पार्क बोयोङ्गको गवाही





## मनन्

१. के तपाईंको परमेश्वरले निको पार्न चाहनुभएको कुनै रोग छ ?

२. तपाईंको विचारमा तपाईंबाट के परिवर्तन भएको परमेश्वरले चाहनुहुन्छ होला ?



## प्रार्थना

प्रिय येशू, तपाईंले हामीलाई मद्दत गर्न र निको पार्ने दिनसम्म मलाई प्रार्थना गरिरहन दिनुहोस् ।

# यो संसार कसले बनायो ?

उत्पत्ति १:१-५

१ आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो ।
२ पृथ्वी आकारविनाको र शून्य थियो । अथाह समुद्रमाथि अन्धकार थियो, र
परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दै रहनुहुन्थ्यो ।
३ अनि परमेश्वरले भन्नुभयो, "उज्यालो होस् ।" तब उज्यालो भयो ।
४ र परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो । उहाँले उज्यालो र
अँध्यारोलाई अलग-अलग गर्नुभयो ।
५ परमेश्वरले उज्यालोलाई " दिन" र अँध्यारोलाई "रात" भन्नुभयो । साँझ
पर्‍यो र बिहान भयो - पहिलो दिन ।

## उत्पत्तिको कथा

परमेश्वरले यो संसार सृष्टि गर्नु अघि स्वर्गहरू र पृथ्वी सृष्टि गर्नुभयो ।
त्यतिबेला, यति अँध्यारो थियो कि हामीले केही देख्न सकेनौं ।
तर परमेश्वरको आत्मा सधैं उपस्थित हुनुहुन्थ्यो । परमेश्वरले मानिसहरू
जिउनको लागि संसार बनाउने निर्णय गर्नुभयो ।
"उज्यालो होस् ।"
परमेश्वरले बोल्ने बित्तिकै एउटा चम्किलो ज्योति देखा पर्‍यो ।
ज्योति पछि, परमेश्वरले आकाश, भूमि र समुद्र सृष्टि गर्नुभयो ।

परमेश्वरले हाम्रो लागि बीऊ, सागपात र फलफूल बनाउनुभयो ।
त्यसपछि, बिरूवाहरू राम्रोसँग बढ्न सकून भनेर परमेश्वरले सूर्य, चन्द्रमा र ताराहरू सृष्टि गर्नुभयो ।
परमेश्वरले समुद्रमा माछा र आकाशमा पंक्षीहरू बनाउनुभयो । संसार अझ सुन्दर बन्यो ।
परमेश्वरले पृथ्वीमा वरिपरि घुम्नको लागि जनावरहरू पनि बनाउनुभयो ।
छैठौं दिनमा, परमेश्वरले आदमलाई आफ्नै स्वरूपमा बनाउनुभयो ।
परमेश्वरले आफूले बनाउनुभएको सबै कुरालाई हेर्नुभयो र यो धेरै राम्रो थियो ।
ती सबै सृष्टि गरेपछि, परमेश्वरले सातौं दिनमा विश्राम गर्नुभयो ।





## मनन्

१. परमेश्वरले यो पृथ्वीलाई सृष्टि गर्नुभयो । परमेश्वरले तपाईलाई के भन्न चाहनुहुन्छ भन्ने तपाईलाई लाग्छ ?

२. परमेश्वरले सृष्टि गर्नुभएको थोकहरूमध्ये तपाईलाई सबैभन्दा बढी के मन पर्छ ? यसलाई सृष्टि गर्नुभएकोमा परमेश्वरलाई धन्यवाद दिँदै उहाँलाई प्रार्थना गरौं ।



## प्रार्थना

प्रिय परमेश्वर, यो संसार बनाउनुभएको लागि धन्यवाद । तपाईले मेरो लागि सृष्टि गर्नुभएको यो सुन्दर संसारमा मलाई आनन्द लिन दिनुहोस् ।

# येशू झ्याल बाहिर हुनुहुन्छ

मत्ती ७:७-११

७ "माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ
त तिमीहरूका निम्ति उघारिनेछ ।
८ किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले
ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ ।"
९ "तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई
ढुङ्गा देला ?
१० कि माछा माग्दा त्यसलाई साँप देला ?
११ यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोरा-छोरीहरूलाई असल चीज दिन
जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति
बढी असल चीज दिनुहुनेछ ।

## गवाही

सयङ्गले फिलिपिन्सको क्याम्पमा पहिलो पटक येशूको बारेमा सुनिन् ।
तिनले कसरी प्रार्थना गर्ने र कसरी परमेश्वरको आराधना गर्ने सिकिन् ।
सयङ्गले येशूको बारेमा अझ धेरै जान्न चाहन्थिन् ।
एक दिन, जब सयङ्गले उपवास र प्रार्थना गरिरहेकी थिइन्, उनको साथीले
स्वर्गदूतलाई देखिन् र सयङ्गलाई बताइन् ।
सयङ्गले पनि त्यस्तै दर्शन देख्न चाहन्थिन् ।
तिनले प्रार्थना गरिन्: "येशू ! म तपाईलाई भेट्न चाहन्छु । आउनुहोस्
र मलाई भेट्नुहोस् ।"
लामो समय बित्यो, तर केही भएन । सयङ्ग दु:खित् भइन् ।

तिनले फेरि प्रार्थना गरिन् : “येशू ! किन तपाईले मेरो प्रार्थनाको उत्तर दिनुहुन्न ? कृपया तपाईको उपस्थिति मलाई पनि देखाउनुहोस् ।”
फेरि, केही भएन । सयङ्ग धेरै दु:खित् भइन् र तिनी रोइन् ।
केही बेरपछि सयङ्गले बाहिर झ्यालतिर हेरिन् र उनी छक्क परिन् ।
येशूले त्यहाँबाट मुस्कुराएर उनलाई हेरिरहनु भएको थियो ।
सयङ्ग यति धेरै खुशी भइन् कि येशू ! येशू ! भनेर चिच्याइन् ।
तिनी धेरै खुशी भइन् र धन्यवादको प्रार्थना चढाइन् : “परमेश्वर ! मलाई येशूलाई भेट्न दिनुभएकोमा धन्यवाद ।”
सयङ्गले येशूलाई देखेको त्यो दिन कहिल्यै नबिर्सि परमेश्वरको आराधना गर्दै निरन्तर विश्वासको जीवन बिताइरहिन् ।





## मनन्

१. तपाई दृढ भएर प्रार्थना गरिहनुहुँदा, के तपाईले कहिल्यै येशूको प्रेमलाई अनुभव गर्नुभएको छ ?

२. कहिले तपाईले येशूलाई भेट्न चाहनुभएको थियो ?



## प्रार्थना

प्रिय येशू, म तपाईलाई भेट्न चाहन्छु । आउनुहोस् मेरो प्रार्थना र आराधनाद्वारा मलाई भेट्न आउनुहोस् ।

शुक्रबार

# बाइबलले आकार दिएको मानिस (अब्राहाम लिङ्कन)

**मत्ती ४:१-७**

१ तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो ।
२ उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो ।
३ तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस् ।"
४ तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ' ।"
५ तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खडा गरायो,
६ र उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हाम फाल्नुहोस, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ' ।"
७ येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ, 'तैंले परमप्रभ आफ्ना परमेश्वरको परीक्षा नगर्नू' ।"

## एक महान रोल मोडलको कथा

अब्राहाम लिङ्कन संयूक्त राज्य अमेरिकाको १६औं राष्ट्रपति हुन् । अमेरिकी गृहयुद्ध अन्त्य र दासप्रथा रोक्नको लागि लिङ्कनलाई इतिहासमा सबैभन्दा ठूलो राष्ट्रपतिको रूपमा सम्भिन्छौं ।

लिङ्कनलाई सानैदेखि पुस्तकहरू पढ्न मन पर्थ्यो । विशेषगरी उनलाई बाइबल पढ्न मन पर्थ्यो ।

लिङ्कनले भन्थे : "म राष्ट्रपति बन्न सक्नुको कारण यो हो कि मलाई सानै उमेरदेखि बाइबल पढ्न मन पर्थ्यो ।

बाइबलको मार्ग दर्शनकासाथ, लिङ्कन इमान्दार र आशावाद नेता बने जसले मानिसहरूलाई एकताबद्ध गराए ।
तर लिङ्कनमा पनि संघर्षको समय थियो । तर जब जब उनले असफलता अनुभव गर्थे, लिङ्कनले बाइबल सम्झन्थे ।
लिङ्कनले भने: जब म असफल हुन्थें, शैतानले आएर मेरो कानमा फुसफुसाउँथ्यो, 'तिम्रो लागि यो अन्त्य हो ।' तर परमेश्वरले मलाई प्रोत्साहन दिनुभयो 'यो असफलतालाई खुड्किलाको ढुङ्गाको रूपमा लिनु र तिमीले अझ ठूलो काम गर्नेछौं !'"
लिङ्कनले शैतानलाई ध्यान दिएनन् बरू त्यसको सट्टामा परमेश्वरमा ध्यान केन्द्रित गरे ।
यद्यपि उनी धेरै पल्ट ढले तापनि उनी फेरि उठे ।
त्यसपछि एक दिन, लिङ्कन राष्ट्रपति भए ।
ह्वाइट हाउसको उनको टेबलमा सधैं बाइबल खोलिन्थ्यो ।
लिङ्कनलाई अझै पनि एक महान राष्ट्रपतिको रूपमा सम्झन्छन् जसले परमेश्वरले उत्तर नदिएसम्म आफ्नो घुँडा टेकेर प्रार्थना गर्थे ।





## मनन्

१. के तपाईं दैनिक बाइबल पढ्दै हुनुहुन्छ ?

२. के तपाईं बाइबलअनुसार जिउनुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, म परमेश्वरको सन्तान बन्न चाहन्छु, बाइबल पढ्दै र त्यसअनुसार जिउन चाहन्छु । मलाई लिङ्कन जस्तै बन्न मद्दत गर्नुहोस् ।

## शनिबार



आजको सङ्गतिमा पढेको
वचनलाई फेरि पढौं ।




## याद गरौं

आजको सङ्गतिको वचनलाई लेखौं ।

## प्रार्थना गरौं

आजको सङ्गतिको वचनलाई सम्झेर प्रार्थना गरौं ।



आइतबार

# ज्योतिषीहरु ताराको पछि लागे

(मत्ती २:७-१२)

७ तब हेरोदले ती ज्योतिषीहरूलाई गुप्तमा बोलाएर तारा कुन समय देखा
परेको हो, सो तिनीहरूबाट पत्ता लगाए ।
८ तिनले तिनीहरूलाई यसो भनेर बेथलेहेममा पठाए, "जाओ, र ठीकसँग त्यस
बालकको खोजी गर । तिनलाई भेट्टाएपछि मलाई खबर गर, र म पनि तिनलाई
दण्डवत् गर्नेछु ।"
९ तब राजाको कुरा सुनेर तिनीहरू आफ्नो बाटो लागे । जुन तारा तिनीहरूले
पूर्वमा देखेथे, त्यो तारा तिनीहरूका अगि-अगि गयो, र बालक भएको ठाउँमा
पुगेपछि त्यो तारा त्यहीँ अडियो ।
१० जब तिनीहरूले त्यो तारा देखे, तब तिनीहरू अति आनन्दित भएर रमाए ।
११ अनि घरभित्र पसेर तिनीहरूले बालकलाई उहाँकी आमा मरियमको साथमा
देखे, र घोप्टो परेर उहाँलाई दण्डवत् गरे । तब आफ्ना कन्तुर खोलेर उहाँलाई
सुन, सुगन्धित धूप र मूर्रका भेटी चढाए ।
१२ अनि हेरोदकहाँ फर्की नजानू भन्ने सपनामा चेताउनी पाएर तिनीहरू अर्कै
बाटो भएर आफ्नो देशमा फर्के ।

## येशूको पत्र

-मेरो प्यारो छोराहरू र छोरीहरूलाई,

ज्योतिषीहरू मलाई भेट्न तारालाई पछ्याएका थिए । कसैले तिमीलाई भनेको कारण तिमीले मेरो बारेमा थाहा पायौ । यदि तिमीले पहिलो पटक साथीबाट मेरो बारेमा सुन्यौ भने त्यो साथी तिम्रो लागि ज्योतिषी बनेको छ ।

के तिमी मलाई नचिन्ने तिम्रो परिवार, साथीहरू र छिमेकीहरूका लागि ज्योतिषी बन्न चाहँदैनौ ?
ज्योतिषीहरूले जस्तै तिनीहरूलाई उपहार दिऔं । तिनीहरूलाई येशूको बारेमा सिकाउँ । परमेश्वर अति प्रसन्न हुनुहुनेछ ।
म तिमीलाई माया गर्छु मेरो बालक

-तिमीहरूलाई माया गर्ने येशू-





## मनन गर्ने

१. यदि तपाईं ज्योतिषी हुनुहुन्छ भने, तपाईं येशूलाई के उपहार दिन चाहनुहुन्छ ?

२. तपाईंको साथीभाईहरू र परिवारमा तपाईं कस्को ज्योतिषी बन्न चाहनुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, ज्योतिषीहरूले तपाईंलाई भेटे जस्तै म पनि तपाईंलाई भेट्न चाहन्छु । हरेक दिन जसै म आराधना गर्छु मलाई भेट्न आउनुहोस् ।

सोमबार

# सुनौलो कपडाले सजिएको

प्रकाश १९:७–१०

हामी रमाऔं र खुशी हौं र उहाँलाई महिमा दिऔं ! किनकि थुमाको विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन् ।
चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो । चहकिलो वस्त्र परमेश्वरका पवित्र जनहरूको धार्मिक कार्य हुन् ।
अनि स्वर्गदूतले मलाई भने, "यो लेख: धन्य हुन् तिनीहरू जो थुमाको विवाह भोजमा निमन्त्रणा पाएका छन् ।"
तिनले थपे: "परमेश्वरको सत्य वचनहरू यी नै हुन् ।"
अनि तिनलाई दण्डवत् गर्न म तिनको पाउमा घोप्टो परें । तर उनले मलाई भने, तिमीले मलाई दण्डवत् गर्नुहुँदैन । म येशूको गवाही कायम राख्ने तिम्रा दाजुभाईहरू र दिदीबहिनीहरू र तिम्रो सङ्गी-दास मात्र हुँ । परमेश्वरलाई दण्डवत् गर ! किनकी येशूको गवाही अगमवाणीको आत्मा हो ।

## गवाही

जब जेनेत स्वर्ग गइन्, तिनले स्वर्गदूतहरूले लगाउने वस्त्र देखिन् ।
"वाह ! येशू ! यी सेता वस्त्रहरूमा धेरै राम्रा सुनको सजावट छ ! यी वस्त्रहरू कसले लगाउँछन् ?"
"येशूले भन्नुभयो, मेरो सानो जेनेत, मलाई विश्वास गर्ने, मेरो आज्ञाहरू पालन गर्ने र मलाई उनीहरूको मुक्तिदाता भनेर स्वीकार गर्ने मानिसहरूले यी वस्त्रहरू लगाउँछन् ।

"यी वस्त्रहरू अहिले सेता छन्, तर यदि तिमी परीक्षामा पऱ्यौ या मेरा आज्ञाहरू पालन गरेनौ भने, म धेरै दु:खित् हुनेछु र यी वस्त्रहरू कालो हुनेछन् ।"
जेनेतले विचार गरे, "मैले के गर्ने होला" यदि म मण्डली गएँ भने सबै ठिक हुनेछ ।.....तर शुद्ध र पवित्र हृदय भएका मानिसहरूले मात्र सेतो वस्त्र लगाउँछन् । यदि मैले परमेश्वरको आज्ञा पालन गरिनँ भने तिनीहरू काला हुनेछन् ।"
जेनेतले येशूलाई प्रसन्न बनाएर सुन्दर वस्त्र लगाउन चाहन्थिन् । तिनीहरू कालो भएको तिनले चाहँदैन थिइन् । वस्त्रहरू हराएको तिनले चाहँदैन थिइन् ।
स्रोतहरू: ८ वर्षीय जेनेतको (ऱ्याप्चर) उठाइ लगिएको



3. Bible verse

## मनन्

१. स्वर्गमा तिम्रो वस्त्र कस्तो रङ्को छ ? के तिनीहरू सेतो या तिनीहरू लगभग कालो छन् ? किन यस्तो ?

२. कसरी येशूलाई प्रसन्न बनाउन र स्वर्गका सुन्दर वस्त्रहरू लगाउन सक्नुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, मलाई तपाईलाई प्रसन्न बनाउन र तपाईका आज्ञाहरू पालन गर्न दिनुहोस् । स्वर्गमा मेरो वस्त्रहरू कालो हुनबाट जोगाउनुहोस् ।

# स्वर्गको गाडधनको खजाना

## यर्मिया ३३:१-३

१ गारदको चोकमा थुनामा परेकै बेलामा परमप्रभुको वचन यर्मियाकहाँ दोस्रो
पल्ट आयो :
२ "परमप्रभु यसो भन्नुहुन्छः पृथ्वी बनाउनुहुने परमप्रभु, ती नै परमप्रभु,
जसले त्यसको आकार बनाएर त्यसलाई स्थापित गर्नुभयो - उहाँको नाउँ
परमप्रभु हो :
३ 'मलाई पुकार्, र म तँलाई जवाफ दिनेछु र तैंले नजानेका गहिरा र गुप्त
कुराहरू म तँलाई बताउनेछु' ।

## गवाही

एडवर्ड ट्राफिक दुर्घटनामा पर्नुभएको थियो र उहाँ ठिक ६१ मिनेटको लागि मर्नुभएको थियो ।

जब उहाँ मर्नुभयो, उहाँले येशूलाई भेट्नुभयो र स्वर्गको यात्रामा जानुभयो ।

एडवर्डले आफ्नो नजीकको साथीलाई स्वर्गमा भेट्नुभयो ।

एडवर्ड र उनको साथी "आशिष्हरू लिइएन" भन्ने ठाउँमा जानुभयो ।

भित्र पसेपछि एडवर्ड छक्क पर्नुभयो ।

त्यहाँ मानव शरीरका विभिन्न प्रकारका अङ्गहरू जस्तै टाउको, हातहरू, खुट्टाहरू थिए ।

एडवर्डले आफ्नो साथीलाई सोधे : "मेरो साथी ! यी सब के हुन् ?"

उहाँको साथीले उत्तर दिनुभयो: “यो बिरामी मानिसहरूको शरीर परिवर्तन गर्ने ठाउँ हो । मानिसहरू बिरामी हुँदा येशूलाई प्रार्थना गर्छन् । ठिक हो ? जब येशूले प्रार्थनाहरू सुन्नुहुन्छ, उहाँले स्वर्गदूतहरूलाई बिरामी मानिसको शरीरलाई नयाँ स्वस्थ शरीरमा परिवर्तन गर्न आज्ञा गर्नुहुन्छ । स्वर्गदूतहरूले यो ठाउँलाई बिरामी अङ्गहरूलाई नयाँ बनाउन प्रयोग गर्छन् ।”
उहाँको साथीले निरन्तर भने : “एडवर्ड ! कहिलेकाहीँ मानिसहरू प्रार्थना गर्न छोड्छन् वा येशूले तिनीहरू निको पार्नुहुन्न कि भनेर शङ्का पनि गर्छन् । यदि त्यसो हो भने, स्वर्गदूतहरूले बिरामीको शरीरका अङ्गहरूलाई नयाँ बनाउन सक्दैनन् । तपाईंले मानिसहरूलाई येशूले बिरामीहरूलाई निको पार्नुहुनेछ भनी विश्वास गर्दै प्रार्थना गर्नु भन्नुपर्छ ।”
आजसम्म पनि, उहाँले स्वर्गमा भएको आफ्नो अनुभवहरू मानिसहरूलाई बताइरहनुहुन्छ ।

स्रोत : डाक्टर एडवर्डको स्वर्गको गवाही



3. Bible verse

## मनन्

१. तपाईंले छोड्नु भएको वा केही समयको लागि बिर्सनुभएको केही प्रार्थना अनुरोधहरू के हुन् ?

२. केही प्रार्थना अनुरोधहरू के हुन् जसको जवाफ येशूले दिनुभएको चाहनुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, म ______________ लागि प्रार्थना गर्छु । उहाँ/तिनी साँच्चै बिरामी हुनुहुन्छ ।
येशू, कृपया आउनुहोस् र ______________ निको पार्नुहोस् ।

बुधबार

# मेरो छोरा ! म तिमीलाई प्रेम गर्छु ।

गलाती ४:३-७

३ हामी पनि यसरी नै बालक छउञ्जेल संसारका दैवी शक्तिहरूको दासत्वमुनि थियौँ ।
४ तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो । उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो ।
५ व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक प्राप्त गर्न सकौं ।
६ तिमीहरू पुत्र भएका हुनाले परमेश्वले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता !" भनेर पुकार्नुहुन्छ ।
७ यसैकारण, परमेश्वरद्वारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ, र पुत्र हौ भनेता उत्तराधिकारी पनि हौ ।

## गवाही

माइकल जवान हुँदा, उनले आफ्नो बुबाबाट सुन्न चाहने एउटा शब्द थियो । "छोरा" ।

तर उनका बुबा मानसिक रोगी भएकाले भन्न सक्नुभएन ।

जहिले पनि माइकलले अरू केटाकेटीहरूलाई आफ्ना बुबासँग रमाइलो गरेको देख्दथ्ये, उनी दुःखी हुन्थ्ये ।

त्यसैले उनले परमेश्वरलाई प्रार्थना गरे : "हे परमेश्वर ! मेरो बुबा नभए जस्तो लाग्छ । मलाई "माइकल !" वा "छोरो !" भनेर कसैले कहिल्यै बोलाउँदैनन् ।

त्यही क्षणमा उनले आवाज सुने : "मेरो छोरा, म तिम्रो बुबा हुँ ।"

परमेश्वरको आवाज सुनेपछि, माइकलको जीवन परिवर्तन हुन थाल्यो । उनको बुबाले उनलाई पिटेका कारण घृणा गर्थ्यो, तर उसले आफ्नो बुबालाई क्षमा दिए र येशूको बारेमा उहाँलाई बताए ।
जब उनको बुबा बित्नुभयो, माइकल धेरै दु:खित् थिए र परमेश्वरलाई पुकारे : "परमेश्वर ! किन मेरो बुबालाई यति छिटै लैजानुभयो ?"
त्यसैले परमेश्वरले माइकललाई दर्शन देखाउनुभयो । स्वर्गमा, माइकलतिर दौडिरहेको एक जना जवान मानिस थियो ।
"माइकल ! म हुँ ! तिम्रो बुबा !"
स्वर्गमा, माइकलको बुबा स्वस्थ जवान मानिस थिए ।
उनको बुबाले उनलाई अँगालो हाले र भने :"मेरो छोरो ! म तिमीलाई प्रेम गर्छु ।"
त्यसपछि माइकल आफ्नो दर्शनदेखि ब्युँझिए ।
त्यस बेलादेखि, माइकलले परमेश्वरलाई प्रसन्न पार्न कडा मेहनत गरे । उनले आफ्नो बुबालाई स्वर्गमा भेट्ने दिनको आशा गर्दथिए ।



स्रोत : मिसिनरी माइकल चो को गवाही

3. Bible verse

## मनन्

१. के तपाईंलाई थाहा छ तपाईं परमेश्वरको सन्तान हुनुहुन्छ ? कसरी थाहा पाउनुभयो ?

२. जब तपाईं स्वर्गमा जानुहुन्छ, तपाईं कसलाई भेट्न चाहनुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, मलाई मेरो परिवारको लागि अन्तसम्म प्रार्थना गर्नको लागि दृढता र सहनशीलता दिनुहोस् ।

बिहीबार

# आदम र हव्वा

## उत्पत्ति २:१८-२३

१८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन । म
त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु ।"
१९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पंक्षीलाई भूमिबाट बनाएर
मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ
ल्याउनुभयो । र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै
त्यसको नाउँ भयो ।
२० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पंक्षी र सबै वन-पशुहरूका
नाउँ राखे । तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन ।
२१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी
निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु
भरिदिनुभयो ।
२२ जुन करङ परमप्रभुले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री
बनाएर मानिसकहाँ ल्याउनुभयो ।
२३ मानिसले भने, "यो त मेरै हाडको हाड र मासुको मासु हो । तिनलाई स्त्री
भनिने छ । किनभने तिनी पुरूषबाट निकालिएकी थिइन् ।

## उत्पत्तिको कथा

परमेश्वरले मानिसलाई माटोबाट बनाउनुभयो । मानिस परमेश्वरको स्वरूपमा बनाइयो ।

जब परमेश्वरले मानिसको नाकमा सास फुकिदिनुभयो, मानिस जीवित प्राणी भयो ।

परमेश्वरले उनको नाम आदम राख्नुभयो ।

परमेश्वरले आदमलाई अदनको पूर्वपट्टि भएको बगैंचामा लैजानुभयो ।

बगैंचा एकदमै सुन्दर थियो ।

परमेश्वरले आदमलाई अदनमा शासन गर्न र सबै जीवित प्राणीहरूको नाउँ राख्न भन्नुभयो ।
परमेश्वरले आदमलाई बगैंचामा धेरै फल खाने अनुमति पनि दिनुभयो । तर आदम बाँच्नको लागि एकलो जस्तो देखिन्थ्यो ।
त्यसैले जब आदम सुतिरहेका थिए, परमेश्वरले आदमको करङबाट एउटा हड्डी निकाल्नुभयो र एउटा स्त्री बनाउनुभयो । आदमले उनको नाम हव्वा राखे ।
आदम, हव्वासँग अदनको बगैंचामा खुशीसाथ बसे ।

## मनन्





१. आदम एकलो हुँदा परमेश्वरले हव्वालाई बनाउनुभयो । जब तपाईं एकलो र दुःखित् हुनुहुन्थ्यो, परमेश्वरले कसलाई तपाईंकहाँ पठाउनुभयो ?

२. के तपाईंले कहिल्यै कसैलाई मद्दत गर्नुभएको छ जसलाई तपाईंको मद्दत चाहिएको थियो ? तपाईंले तिनीहरूलाई के मद्दत गर्नुभयो ?



## प्रार्थना

प्रिय येशू, मलाई प्रेम दिनुहोस् ताकि म दुःखित् वा एकलो भएका मानिसहरूलाई मद्दत गर्न सकूँ ।

# अल्वर्ट स्विट्जर

## हितोपदेश १६:१६-२०

१६ सुनभन्दा बुद्धि प्राप्त गर्नु र चाँदीभन्दा त बरू समझदारी चुन्नु कति उत्तम
हुन्छ ।
१७ इमानदारको मूलबाटो खराबीदेखि अलग रहन्छ । जसले आफ्नो बाटोको
रखवाली गर्छ, त्यसले आफ्नो जीवनको रखवाली गर्छ ।
१८ सर्वनाशको अघि अभिमान र पतनको अघि घमण्डी आत्मा आउँछ ।
१९ आत्मामा नम्र भएर थिचोमिचोमा परेकाहरूका माझमा रहनु अहङ्कारीहरूसित
लूटको माल बाँड्नुभन्दा उत्तम हो ।
२० उपदेशलाई ध्यान दिने मानिस फल्दो-फुल्दो हुन्छ, र परमप्रभुमा भरोसा राख्ने
मानिसले आशिष् पाउनेछ ।

## एक महान रोल मोडेलको कथा

अल्बर्ट स्विट्जर एक पाष्टरको छोराको रूपमा जर्मनीमा जन्म भएको थियो ।

यद्यपि उहाँ धनी हुनुहुन्नथियो, स्विट्जरको बाल्यकाल धेरै कुराहरू अध्ययन गरेर रमाइलो थियो ।

उहाँले सधैं परमेश्वरको लागि जीवन बिताउन प्रार्थना गर्नुभयो ।

एक दिन, स्विट्जरले मिसनरी कमिटीबाट कङ्गोमा मिसनरी चाहियो भनी सुन्नुभयो ।

उहाँले सोच्नुभयो कि यो परमेश्वरले उहाँको प्रार्थनाको जवाफ दिनुभएको हो ।

अल्बर्टले मेडिकल मिसनरीको रूपमा अफ्रिका जाने निर्णय गरे ।

उहाँ ३८ वर्षको उमेरमा मेडिकल स्कूल जानुभयो । अल्बर्ट अफ्रिकाका गरिब मानिसहरूलाई मद्दत गर्ने महान डाक्टर बन्नुभयो ।

अल्बर्टले सधैं येशूको प्रेमलाई बाँड्नुभयो र धेरै मानिसहरूलाई डरलाग्दो रोगहरूबाट बचाउनुभयो ।
फलस्वरूप, उहाँले नोबेल शान्ति पुरस्कार प्राप्त गर्नुभयो ।
ट्रेनभित्र धेरै पत्रकारहरू थिए जसले स्विट्जरसँग अन्तर्वार्ता लिन चाहन्थे ।
तर पत्रकारहरूले स्विट्जरलाई पहिलो र दोस्रो क्लासको क्याबिनमा भेट्टाउन सकेनन् ।
तिनीहरूले अन्ततः उहाँलाई तेस्रो-क्लासको क्याबिनमा बिरामीहरू जाँच गरिरहनुभएको भेट्टाए ।
एक जना पत्रकारले सोधे: "डाक्टर, किन तपाई तेस्रो क्लासको क्याबिन भित्र हुनुहुन्छ ?"
स्विट्जरले जवाफ दिए: "किनकि यो ट्रेनमा चौथो कलासको क्याबिन छैन ।"
पत्रकारहरूले बुझेनन् ।
स्विट्जर मुस्कुराउनुभयो : "म मलाई आरामदायी हुने ठाउँहरूमा जान्नँ । म मेरो मद्दत चाहिने ठाउँहरूमा जान्छु ।"
अल्बर्ट स्विट्जरले आरामदायक धनी जीवन त्याग्नुभयो । बरू, उहाँले आफ्नो जीवन सहयोग चाहिने मानिसहरूलाई मद्दत गर्न बिताउनुभयो ।
उहाँ इसाई मानिसको एक साँचो रोल मोडेल हुनुहुन्थ्यो ।





## मनन्

१. परमेश्वरले स्विट्जरलाई प्रयोग गरे जस्तै एक दिन तपाईलाई पनि प्रयोग गर्नुहुनेछ भन्ने आशामा के तपाईं प्रार्थना गर्नुहुन्छ ?

२. तपाईले परमेश्वरको प्रेमलाई फैलाउन के गर्न सक्नुहुन्छ ?




## प्रार्थना

प्रिय येशू, मलाई नम्र हृदय दिनुहोस् ताकि म पनि स्विट्जरले जस्तै परमेश्वरको प्रेमलाई फैलाउन सकूँ ।

## शनिबार



आजको सङ्गतिमा पढेको
वचनलाई फेरि पढौं ।




# याद गरौं

आजको सङ्गतिको वचनलाई लेखौं ।

# प्रार्थना गरौं

आजको सङ्गतिको वचनलाई सम्झेर प्रार्थना गरौं ।



# येशूले बप्तिस्मा दिने यूहन्नाबाट बप्तिस्मा लिनुभयो

### मत्ती ३:१३-१७

१३ तब येशू गालीलबाट यूहन्नाकहाँ तिनीद्वारा बप्तिस्मा लिन यर्दनमा आउनुभयो ।
१४ तर यूहन्नाले यसो भनेर उहाँलाई रोक्न खोजे, "बरू मलाई पो तपाईंबाट बप्तिस्मा लिनु आवश्यक छ, र के तपाईं मकहाँ आउनुहुने ?"
१५ तर येशूले तिनलाई भन्नुभयो, "अहिलेलाई यसै हुन देऊ । किनभने यसरी नै हामीहरूले सबै धार्मिकता पूरा गर्नुपर्दछ ।" तब यूहन्ना राजी भए ।
१६ अनि येशू बप्तिस्मा लिएर तुरून्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्वरका आत्मालाई ढुकुरभैँ ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो ।
१७ तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु ।"

## येशूबाट पत्र

-मेरो प्यारो छोराहरू र छोरीहरूलाई,
आज तिमीलाई जान्नु पर्ने कुराको बारेमा बताउन गइरहेको छु । के तिमीले त्रिएकको बारेमा सुनेका छौ ? पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर ।
जब म बप्तिस्मा लिएर पानीबाट बाहिर निस्किआएँ, परमेश्वरले आफूलाई आवाजको रूपमा देखाउनुभयो र पवित्र आत्मा ढुकुर जस्तै तल आउनुभयो ।

पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर, हामी सबै एक हौं । आश्चर्यजनक छ होइन त ?
“यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु ।” परमेश्वरले तिमीहरू सबैलाई भन्नुभयो । यदि तिमीहरूले मलाई विश्वास गर्छौ भने तिमीहरू सबै परमेश्वरका सन्तान बन्न सक्छौ । म तिमीहरूलाई प्रेम गर्छु !

-तिमीहरूलाई माया गर्ने येशू-



3. Bible verse

## मनन्

१. त्रिएक परमेश्वरको नामहरू खाली ठाउँमा भर्नुहोस् ? परमेश्वर, येशू र पवित्र आत्मा ।

२. येशूले जस्तै बप्तिस्मा लिनको लागि मैले कुन पापहरूको पश्चाताप गर्नुपर्छ ?



## प्रार्थना

प्रिय येशू, मलाई मद्दत गर्नुहोस् ताकि मैले आज पश्चाताप गरेको पापहरू फेरि नगरूँ । पवित्र आत्मा सधैं मेरो साथमा रहनुहोस् ।

# मेरो घर स्वर्गमा

मत्ती ७:२१-२५

२१ "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्ने छैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र पर( मेश्वरको राज्यमा प्रवेश गर्नेछ ।
२२ त्यो दिन धेरैले मलाई भन्नेछन्, 'प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी बोलेनौं ? तपाईंको नाउँमा भूतहरू धपाएनौं । र तपाईंको नाउँमा अनेक शक्तिशाली काम गरेनौं र ?'
२३ अनि म तिनीहरूलाई सफासँग भन्नेछु, 'मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ । ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ ।'

## गवाही

जुउन साँच्चै परमेश्वरलाई भेट्न चाहन्थिन् ।
हरेक दिन, उनले ६ घण्टा भन्दा बढी प्रार्थना गर्थिन् ।
एक दिन, अन्ततः उनले प्रार्थनाको क्रममा स्वर्ग देखिन् ।
जुउनले येशूसँग सुन्दर घरहरू देखिन् ।
फूलहरू भएका घरहरू, बहुमूल्य पत्थरहरू भएका घरहरू, त्यहाँ धेरै घरहरू थिए ।
त्यसपछि स्वर्गमा मेरो घर कस्तो छ भनेर उनी उत्सुक भइन् ।

जब उनले वरपर हेर्दै थिइन्, त्यहाँ एउटा घर थियो जो उनको लागि खडा थियो ।
घर उनको मन पर्ने गुलाबी रङको थियो ।
उनी घर नजीकबाट हेर्न गइन् ।
त्यहाँ इन्द्रेणीजस्तै विभिन्न रङका बहुमूल्य पत्थरहरू चम्किरहेका थिए ।
अगाडि, घरको रक्षा गर्न ठूला स्वर्गदूतहरू खडा थिए ।
जुउनले स्वर्गदूतहरूलाई सोधिन्: “यो कसको घर हो ?”
स्वर्गदूतहरूले जवाफ दिए: “यो घर तपाईंको हो जुउन किम !”
स्वर्गमा आफ्नो घर देखेर जुउन धेरै खुशी भइन् ।
हामीले मन पराउने सबै कुरा परमेश्वरलाई थाहा छ । उहाँले स्वर्गमा हामीले चाहेजस्तो हाम्रा घरहरू बनाउँदै हुनुहुन्छ ।
स्रोत: डिकन जुउन किमको गवाही





## मनन्

१. स्वर्गमा तपाईंको घर कस्तो देखिन्छ ?

२. के तपाईं येशूलाई दिनहुँ भेट्नुहुन्छ ? तपाई आराधना गर्न, प्रार्थना गर्न र बाइबल पढ्न कति समय बिताउनुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, मलाई आराधना, प्रार्थना र बाइबल पढेर तपाईंलाई प्रसन्न बनाउने जीवन जिउन मद्दत गर्नुहोस् ।

# पिता, के तपाईं नै हुनुहुन्छ ?

## यशैया १२:१-६

१ त्यस दिन तिमीहरू भन्नेछौ, "हे परमप्रभु, म तपाईंको प्रशंसा गर्नेछु, तपाईं
रिसाउनुभए तापनि तपाईंको रीस अब मऱ्यो, र तपाईंले अब मलाई सान्त्वना
दिनुभएको छ ।
२ निश्चय नै परमेश्वर मेरा उद्धार हुनुहुन्छ । म विश्वास गर्नेछु र म डराउनेछैनँ
। परमप्रभु, परमप्रभु नै मेरा शक्ति र भजन हुनुहुन्छ । उहाँ नै मेरा उद्धार
हुनुभएको छ ।"
३ आनन्दसित तिमीहरूको उद्धारको इनारबाट पानी भर्नेछौ ।
४ त्यस दिन तिमीहरूले भन्नेछौ, "परमप्रभुलाई धन्यवाद देओ । उहाँको नाउँको
पुकार गर । उहाँले के गर्नुभएको छ जाति-जातिहरूका बीचमा प्रचार गर । अनि
उहाँको नाउँ उच्च पारिएको छ भनी घोषणा गर ।
५ परमप्रभुको भजन गाओ, किनकि उहाँले महिमापूर्ण कामहरू गर्नुभएको छ ।
सारा पृथ्वीले यो कुरा जानून् ।
६ हे सियोनका मानिस हो, उच्च सोरले कराओ, र आनन्दले गाओ, किनकि
तिमीहरूका बीचमा इस्राएलका परमपवित्र महान् हुनुहुन्छ ।"

## गवाही

छोइ सुन ग्यू र उनको श्रीमतीले लामो समयसम्म सन्तान जन्माउन सकेनन् । ३२ वर्षपछि, एउटा बहुमूल्य छोरी जन्मिइन् ।

एक दिन, परिवार नयाँ घरमा सर्न तयार थिए । तर सानी छोरी भयानक ट्राफिक दुर्घटनामा परिन् । मिस्टर छोइकी श्रीमती रगतले लतपतिएको असहाय बच्चालाई लिएर अस्पतालमा दौडिरहेकी थिइन् । तिनले काम गर्दै गरेका श्रीमानलाई मेसेज गरिन् ।

"हाम्री छोरी ट्राफिक दुर्घटनामा परिन् । उनी आकस्मिक कक्षामा छिन् ।" जब मिस्टर छोइले मेसेज देखे, तुरून्तै उनी अस्पतालमा गए । उनले पहिलो पटक गाडी भित्रै परमेश्वरलाई पुकारे ।

उनले आफ्नो दुवै हात जोडेर रोए: "हे परमेश्वर ! कृपया हाम्रो छोरीलाई बचाउनुहोस् । उसलाई नलैजानुहोस् । बरू मलाई लैजानुहोस् ।"
उनले निरन्तर भने: "परमेश्वर यदि तपाईले हाम्रो छोरीलाई बचाउनुभयो भने, म तपाईंले भन्नुभएको सबै गर्नेछु !"
जब मिस्टर छोइ अस्पताल पुगे, सबैजना उदास देखिन्थे । उनको छोरीको मृत्यु भइसकेको थियो र डाक्टरले उनलाई उनको छोरीको मृत्युको पुष्टि गर्ने नोट दिए ।
मिस्टर छोइले आफ्नो छोरीलाई छोड्न सकेनन् । उनले एक घण्टासम्म आफ्नो छोरीलाई समातेर प्रार्थना गरे ।
"मेरो छोरी, यो तिम्रो बुबा हो । मेरो प्यारी छोरी । तिमी यस्तो हुनुहुँदैन । तिम्रो आँखा खोल । यति ढिलो आएकोमा माफी चाहन्छु ।"
त्यसैबेला बच्चाको चिसो हात खुट्टा चल्न थाल्यो ।
"कसैले मद्दत गर्नुहोस् ! कृपया ! मेरो बच्चा भर्खरै चल्यो ! ऊ जीवित छ !"
परमेश्वरले चमत्कार हुन दिनुभयो । मरेको बच्चा फेरि जिउँदो भयो । मिस्टर छोइले जीवित परमेश्वरको अनुभव गर्नुभयो ।
त्यसबेलादेखि, मिस्टर छोइ मण्डलीमा गए र परमेश्वरले आफ्नो छोरी मार्फत् गर्नुभएको चमत्कारको बारेमा सबैलाई बताए ।
स्रोत: डिकन छोइ सुन ग्यूको गवाही



## मनन्

१. परमेश्वरको वरदानको रूपमा तपाईंले प्राप्त गर्न चाहनुभएको केही चमत्कारहरू के के हुन् ?

२. तपाईं कत्तिको हताश भएर परमेश्वरलाई प्रार्थना गर्दै हुनुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, म स्वीकार गर्दछु कि तपाई साँचो एकमात्र परमेश्वर हुनुहुन्छ । कृपया मेरो जीवनमा चमत्कारहरू गर्नुहोस् ।

3. Bible verse

# मैले तिम्रो आँसु देखेको छु

## १ शमूएल १:१०-१५

१० हन्नाले मनमा ठूलो पीरसहित रोएर परमप्रभुसित प्रार्थना चढाइन् । ११
हन्नाले यी कुरा भनेर भाकल गरिन्, "हे सर्वशक्तिमान परमप्रभु, यदि तपाईंले
मेरो दु:ख बुझेर ममाथि कृपा-दृष्टि गर्नुभयो र मलाई सम्झनुभयो, अनि यदि
तपाईंले मलाई भुल्नुभएन, र एउटा बालक दिनुभयो भने, म त्यस बालकलाई
त्यसको जीवनपर्यन्त परमप्रभुमा समर्पण गर्नेछु, र त्यसको कपालमा कहिल्यै
छुरा लाग्नेछैन ।"
१२ तिनले धेरै बेरसम्म परमप्रभुको सामु प्रार्थना गरिन् । एलीले तिनका ओठ
चलेका देखे ।
१३ हन्नाह मनमनै प्रार्थना गरिरहेकी थिइन्, अनि तिनका ओठ चले तापनि
सोरचाहिँ सुनिँदैनथ्यो । एलीले तिनी मातेकी स्त्री हो भनी ठाने । १४ अनि
उनले तिनलाई भने, "तिमी कहिलेसम्म यस नशामा रहन्छ्यौ ? मद्य त्यागिदेऊ
।"
१५तिनले जवाफ दिइन्, "यस्तो होइन, मेरा प्रभु ! म ठूलो पीरमा परेकी स्त्री
हुँ । मैले कुनै मद्य पिएकी छैनँ । म त परमप्रभुको सामु मेरो मनको दु:ख
पोखिरहिछु ।

## गवाही

दाऊद आफ्नी आमालाई पवित्र आत्माले भरिएको र अन्य भाषाहरूमा प्रार्थना गरिरहेको देखेर हुर्केका थिए ।
जब उनी सेनामा भर्ती भए, उनी रिट्रिटमा गए र येशूको बारेमा सिके ।
दाऊद पनि आफ्नी आमा जस्तै पवित्र आत्माले भरिन चाहन्थे ।

त्यसैले दाऊदले प्रार्थना गर्न थाले: “हे परमेश्वर ! म तपाईंलाई भेट्न चाहन्छु । यदि तपाईं मलाई भेट्न आउनुभयो भने, म मेरो बाँकी जीवन जीवित परमेश्वरको गवाही दिँदै बिताउनेछु ।”
रिट्रिटको अन्तिम दिनमा, दऊदमा पवित्र आत्मा आउनुभयो ।
पवित्र आत्माले भन्नुभयो “मैले तिम्रो आँसु देखेको छु ।”
दाऊद छक्क परे । अन्तत: उनले परमेश्वरको आवाज सुने ।
आफ्नो सेनाको कर्तव्य पूरा गरेपछि, दाऊद मिसनरी बने र सारा संसारभरी परमेश्वरको गवाही दिए ।

स्रोत: मिसनरी दाऊद छाको गवाही





## मनन्

१. कहिल्यै आँसु बगाएर परमेश्वरलाई प्रार्थना गर्नुभएको छ ? तपाईको प्रार्थना के को बारेमा थियो ?

२. यदि तपाईंले परमेश्वरको आवाज सुन्न सक्नुहुन्छ भने, उहाँले तपाईंलाई के भन्नुभएको चाहनुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, मेरो गम्भीर प्रार्थनालाई सुन्नुहोस् । मेरो बिन्ती सुन्नुहोस् र मलाई भेट्न आउनुहोस् ।

# असल र खराबको ज्ञानको रूख

उत्पत्ति ३:३-७

३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको
छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ'।
४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ ।
५ किनकी परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन
तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू
परमेश्वरजस्तै हुनेछौ ।"
६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि
पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको
फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए ।
७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए ।
अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए ।

## उत्पत्तिको कथा

आदम र हव्वाले पाप गर्नुअघि उनीहरू नाङ्गै थिए भन्ने थाहा थिएन । तर जब तिनीहरूले असल र खराबको ज्ञानको रूखको फल खाए, तिनीहरूका आँखा खुल्यो । तिनीहरूले आपू नाङ्गो भएको महसुस गरे । तिनीहरूलाई लाज लाग्यो र झाडीहरूमा लुके ।
जब परमेश्वरले तिनीहरूलाई लुकेको देख्नुभयो, तब आदम र हव्वाले परमेश्वरको आज्ञालाई उल्लङ्घन गरे भनी उहाँले थाहा पाउनुभयो ।

परमेश्वरले आदम र हव्वालाई रोज्न दिनुभएको थियो । तिनीहरूले निषेध गरिएको फल खाने या नखाने रोज्न सक्ने थिए । यो रोजाइलाई स्वतन्त्र इच्छा भनिन्छ । यदि आदम र हव्वाले प्रतिज्ञा पूरा गर्न यो स्वतन्त्र इच्छालाई प्रयोग गरेका भए परमेश्वर खुशी हुनुहुन्थ्यो । यदि तिनीहरूले तुरून्तै परमेश्वरसँग माफी मागेको भएर राम्रो हुन्थ्यो । तर आदम र हव्वाले सर्पलाई दोष लगाए ।
अरूलाई दोष लगाउने.... बहाना बनाउने....के तपाईले कहिल्यै अरूलाई दोष लगाउनुभएको छ या बहाना बनाउनुभएको छ ?
तैपनि परमेश्वरले आदम र हव्वालाई छोड्नुभएन । परमेश्वरले दया देखाउनुभयो र तिनीहरूलाई पशुको छालाको वस्त्र लगाइदिनुभयो ।
हामीले जस्तोसुकै पाप गरे तापनि, यदि हामीले क्षमा माग्यौं भने परमेश्वरले हामीलाई मद्दत गर्नुहुनेछ । हाम्रो पापबाट हामीलाई क्षमा गर्न येशू संसारमा आउनुभयो ।

यो सबै परमेश्वरको अनुग्रह हो ।



3. Bible verse

## मनन्

१. के तपाईले कहिल्यै परमेश्वरसँग कुनै प्रतिज्ञा गर्नुभएको छ ? के तपाई त्यो प्रतिज्ञालाई पूरा गर्नुहुन्छ ?

२. के तपाईले येशूसँग माफी माग्नुपर्ने कुनै कुरा छ ?



## प्रार्थना

प्रिय येशू, म तपाईंको सामु लज्जित हुन चाहन्नँ । म अरूलाई दोष लगाउन या बहाना बनाउन चाहन्नँ । मलाई दिनहुँ मेरो पापहरू क्षमा माग्न दिनुहोस् ।

# हेलेन केलर

## रोमी ५:१-५

१ यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा
परमेश्वरसँग हाम्रो मिलाप भएको छ। २ उहाँद्वारा यस अनुग्रमा विश्वासद्वारा
प्रवेश पाएका छौं । यस अनुग्रहमा हामी खडा छौं, र परमेश्वरका महिमाको
सहभागी हुने आशामा हामी रमाउँछौं ।
३ यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि
सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ,
४ सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ ।
५ आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र
आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ ।

## एक महान रोल मोडेलको कथा

हेलेन केलरलाई २ वर्षको उमेरमा गम्भीर ज्वरो आएको थियो ।
ज्वरो यति कडा थियो कि उनी अन्धो र बहिरा भइन् ।
हेलेनको जीवन अन्य बच्चाहरूको तुलनामा धेरै कठिन थियो ।
जब हेलेन ७ वर्षकी थिइन्, उनले सुलिवान नामक शिक्षकलाई भेटिन् ।
सुलिवानले हेलेनलाई येशूको प्रेम र बलिदानको बारेमा सिकाउनुभयो ।
सुलिवानको सहयोगमा हेलेनले पढ्न र बोल्ने तरिका सिकिन् ।
हेलेनमा सिक्ने जोश र जिज्ञासा थियो ।
उनले धेरै मेहनत गरी अध्ययन गरिन् र परमेश्वरले उनलाई आशा दिनुहुनेछ भनी विश्वास गरिन् ।

नतिजाको रूपमा, हेलेन उत्कृष्ट ग्रेडका साथ सम्मानित विश्वविद्यालयबाट स्नातक गर्न अपाङ्गता भएका पहिलो व्यक्ति बनिन् ।
हेलेनले अपाङ्गता भएका मानिसहरूलाई परमेश्वरको आशा बाँड्न संसारभरी यात्रा गरिन् । धेरै मानिसहरूले उनको आशा र प्रेमको सन्देश सुने ।
हेलेनले भनिन्: "म देख्न सक्छु, र त्यसैले म खुशी हुन सक्छु, जसलाई तपाईं अँध्यारो भन्नुहुन्छ, तर मेरो लागि त्यो सुनौलो छ । म परमेश्वरले बनाएको संसार देख्छु, मानिसले बनाएको संसार होइन ।"
हेलेनले आफ्नो पीडाभन्दा धेरै ठूलो परमेश्वरमा भरोसा राखेकी थिइन् । कठिन परिस्थितिमा पनि उनले हार मानिनन् ।
बरू हेलेनले परमेश्वरलाई हेरिन् र आफ्नो शिक्षकको सहयोगमा आफ्नो असक्षमतालाई जितिन् ।
हेलेन केलरको माध्यमबाट धेरै मानिसहरूले तिनीहरूको कमजोरीहरूमाथि विजय हासिल गर्ने साहस सिके ।





## मनन्

१. यदि तपाईंमा असक्षमता थियो भने, के तपाईंसँग हेलेनले जस्तै यसलाई जित्ने विश्वास छ ?

२. कमजोरीहरू के छन् जसलाई तपाईंले जित्ने प्रायस गर्नुपर्छ ?



## प्रार्थना

प्रिय येशू, यद्यपि म दु:ख र पीडामा हुँदा पनि, म तपाईंमा भरोसा गर्छु । तिनीहरूलाई जित्नको लागि मलाई विश्वास दिनुहोस् ।

## शनिबार



आजको सङ्गतिमा पढेको
वचनलाई फेरि पढौं ।




## याद गरौं

आजको सङ्गतिको वचनलाई लेखौं ।

# प्रार्थना गरौं

आजको सङ्गतिको वचनलाई सम्झेर प्रार्थना गरौं ।



# शैतानद्वारा येशूको परीक्षा

(मत्ती ४:५-११)

५ तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खडा गरायो, ६
र उहाँलाई भन्यो, "तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हाम
फाल्नुहोस्, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा
तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता
तिम्रो खुट्टा ढुङ्गाामा ठोकिनेछ' ।" ७ येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ,
'तैंले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।" ८ फेरि दियाबलसले उहाँलाई
एउटा अग्लो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो,
९ र उहाँलाई भन्यो, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक
म तपाईंलाई दिनेछु ।"
१० तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तँ दूर होइजा ! किनभने लेखिएको छ,
'तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू ।"
११ तब दियाबलस उहाँलाई छोडेर गयो र स्वगदूर्तहरूले आएर उहाँको सेवा-टहल
गरे ।

## येशूबाट पत्र

-मेरो प्यारो छोराहरू र छोरीहरूलाई,

शैतानले मलाई परीक्षा गरेर जित्न सक्छु भनी सोचेको थियो ।
ऊ हाऱ्यो र मबाट टाढा भयो, तर केही समयको लागि मात्र ।
धेरै पटक ऊ फर्केर आयो र मलाई लडाउने प्रयास गऱ्यो ।

त्यसैगरी, शैतानले तिमीलाई आक्रमण गर्नेछ र तिमीलाई परीक्षा गर्नेछ । किनभने शैतान मसँग डराउँछ र मेरो नजीकका मानिसहरूलाई लडाउन खोज्छ । तर चिन्ता लिनुपर्ने केही छैन । म तिम्रो रक्षा गर्न सधैं तिमीसँग हुनेछु । केवल प्रार्थना गर्न र परमेश्वरको वचन पालन गर्ने कुरालाई याद राख । म तिमीलाई प्रेम गर्छु ।

-तिमीलाई माया गर्ने येशू-



3. Bible verse

# मनन्

१. शैतानले तपाईंलाई जाँच्न खोज्दा तपाईंले के गर्नुहुन्छ ?

२. तपाईं कुन परीक्षामा सजिलै फस्नुहुन्छ ? तिनीहरूलाई खाली ठाउँहरूमा भरेर अनि धेरै पटक पढेर येशूको नाउँमा जितौं ।

“येशूको नाउँमा, मलाई ________________ बनाउने शैतान, हटी जा !”
(जस्तैः झूट, चोरी, घृणा)



# प्रार्थना

प्रिय येशू, मलाई रक्षा गर्नुहोस्, ताकि म शैतानको परीक्षामा नपरूँ ।

सोमबार

# दानिएलले फूलहरूले परमेश्वरको आराधना गरेका देखे

भजनसंग्रह १४९:१-५

१ हल्लेलूयाह ! परमप्रभुको निम्ति एउटा नयाँ भजन गाओ, पवित्र जनहरूको
समुदायमा उहाँको प्रशंसा गर ।
२ आफ्ना सृष्टिकर्तामा इस्राएल रमाओस्, सियोनका मानिसहरू आफ्ना राजामा
आनन्दित होऊन् ।
३ नाच्दै तिनीहरूले उहाँका नाउँको प्रशंसा गरून्, खैँजडी र वीणासहित तिनीहरूले
उहाँको भजन गाऊन् ।
४ किनकि परमप्रभु आफ्ना प्रजासँग प्रसन्न हुनुहुन्छ, नम्रहरूलाई उद्धारको मुकुट
पहिराइदिनुहुन्छ ।
५ पवित्र जनहरू यस्तो सम्मानमा उल्लसित होऊन्, अनि आफ्ना ओछ्यानमा पनि
तिनीहरू आनन्दले गाऊन् ।

## गवाही

दानिएल प्रार्थना गर्दै गर्दा निदाए । एउटा स्वर्गदूत आएर दानिएललाई स्वर्गको यात्रामा लगे ।

स्वर्ग फूलहरूले भरिएको थियो ।

फूलहरूमा अचम्मको सुगन्ध थियो ।

तिनीहरू नाच्दै परमेश्वरको आराधना गरिरहेका थिए ।

यो अति अद्भुत दृश्य थियो ।

दानिएल फूलहरूसँग नाच्न र आराधना गर्न चाहन्थे ।

स्वर्गदूतले दानिएललाई भने: “दानिएल, स्वर्गमा, फूलहरूले पनि परमेश्वरको आराधना गर्छन् ।”
नजीकै सबै फूलहरूले गाउँदै थिए : “हे परमेश्वर हामी तपाईंको आराधना गर्छौं ! परमेश्वर हामी तपाईंको आराधना गर्छौं !”
फूलहरूले परमेश्वरको लागि नाच्दै र प्रशंसा गर्दै गरेको देखेर दानिएल धेरै खुशी भए ।
दानिएल निन्द्राबाट ब्युँझिए ।
त्यस दिनदेखि, प्रत्येक पटक उनले फूलहरूलाई देख्दा, दानिएललाई स्वर्गमा देखेको आराधनाको याद आउँथ्यो ।
स्रोत: दानिएल- स्वर्ग र नर्कको गवाही





## मनन्

१. यदि तपाईं स्वर्गमा फूल बन्नुभयो भने परमेश्वरलाई कस्तो आराधना दिन चाहनुहुन्छ ?

२. शनिबार नभए पनि परमेश्वरको आराधना कहिले गर्न सक्नुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, जब म स्वर्गमा जान्छु, मलाई दानिएलले देखेका सुन्दर फूलहरूसँग तपाईंलाई आराधना गर्न दिनुहोस् ।

# चोरलाई भेट्ने स्त्री

## मर्कूस ५:३८-४३

३८ उहाँहरू सभाघरका शासकको घरमा आउनुभयो, अनि उहाँले खैलाबैला
गर्नेहरू, रूनेहरू र ठूलो सोरले बिलौना गर्नेहरूलाई देख्नुभयो ।
३९ भित्र पसेर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन खैलाबैला गर्छौ
र रून्छौ ? ठिटी मरेकी छैन, तर सुतिरहेकी छे ।"
४० तर तिनीहरू उहाँको कुरामाथि हाँसे । तब उहाँले तिनीहरू सबैलाई
बाहिर निकाल्नुभयो, र ठिटीका बुबा र आमा र उहाँसँग हुनेहरूलाई साथमा
लिएर ठिटी भएको ठाउँभित्र जानुभयो ।
४१ अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, "तालिता कूमी,"
जसको अर्थ हो, "ए बालिका, म तिमीलाई भन्दछु, उठ ।"
४२ अनि ठिटी तुरून्तै उठी, र हिँड्डुल गर्न लागी । त्यो बाह्र वर्षकी थिई ।
अनि त्यति नै बेला तिनीहरू आश्चर्यचकित भए ।
४३ उहाँले तिनीहरूलाई यो कसैले थाहा नपाओस् भन्ने कडा आज्ञा दिनुभयो
। अनि बालिकालाई चाहिँ केही खान दिनू भनी तिनीहरूलाई भन्नुभयो ।

## गवाही

शेरी सुतिरहेको बेला उनको घरमा चोर लुकेर आयो । चोरले शेरीलाई पाइपले नराम्ररी प्रहार गरेको थियो ।

शेरी रगतले लतपतिइन् । उनको आत्माले आफ्नो शरीर छोडेको तिनले महसुस गरिन् ।

"म यसरी मर्दी रहेछु" शेरीले सोचिन् ।

"हे परमेश्वर, कृपया मलाई तपाईंको काखमा ग्रहण गर्नुहोस् ।" उनले प्रार्थना गरिन् ।

प्रहरीले शेरीलाई उनको घर अगाडिको बार नजीकै फेला पारे र उनलाई अस्पताल लगे ।

तिनीहरू आश्चर्यचकित भए: "यो स्त्री रगतले लतपतिएकी थिइन् । तर रगतको कुनै निशान नछोडी उनी कसरी बाटोमा आइन् ?"

जब शेरी ब्यूँभिन्, उनले पुलिसलाई भनिन्: "मैले एउटा सपना देखें । म मरेछु भनी सोचेको क्षण, येशू मकहाँ आउनुभयो ।
म ढोकाको छेउमा पल्टिएको थिएँ । येशूले मेरो नाक र मुखमा सास फुकिदिनुभयो । उहाँले मलाई फेरि जीवनमा ल्याउनुभयो । मलाई बिजुलीको झट्का लागे जस्तो भयो । येशूले मलाई आफ्नो काखमा लिनुभयो । उहाँ छत र गोदामको छेउबाट जानुभयो । उहाँले मलाई सावधानीपूर्वक बारको छेउमा राख्नुभयो ।"
डाक्टरले शेरीलाई निको पार्न सकेनन् । तर उनले परमेश्वरको आवाज सुनेपछि येशूद्वारा पूर्णरूपमा निको भइन् ।
स्रोत: सिड रोथको भिडियो

## मनन्



3. Bible verse

१. जब तपाईं कठिन समयमा हुनुहुँदा, तपाईं कसकहाँ जानुहुन्छ ? किन तपाईं त्यो मानिस कहाँ जानुहुन्छ ?

२. दिनको समयमा, तपाईं येशूलाई कहिले बोलाउनुहुन्छ ?



## प्रार्थना

प्रिय येशू, मेरो सबै समस्याहरू जान्नु भएकोमा धन्यवाद । म एक्लै हुँदा मेरो छेउमा भएकोमा धन्यवाद ।

# म तिमीलाई प्रेम गर्छु

### यशैया ४१:८-१३

८ "तर तँ, ए इस्राएल मेरो दास, याकूब, जसलाई मैले छानेको छु । मेरो मित्र
अब्राहामको वंश, ९ तँलाई मैले पृथ्वीको अन्तदेखि समातेर ल्याएँ, र पृथ्वीको पल्लो
छेउदेखि तँलाई बोलाएँ । मैले भनें, 'तँ मेरो दास होस्' । मैले तँलाई छानेको छु,
र तँलाई इन्कार गरेको छैन ।
१० यसैले नडरा, किनकि म तँसित छु । निरूत्साहित नहो, किनकि म तेरा परमेश्वर
हुँ । म तँलाई बलियो पार्नेछु । म तँलाई सहायता गर्नेछु । मेरो धार्मिकताको दाहिने
हातले म तँलाई समाल्नेछु ।
११ "तँ देखि रिसाउनेहरू सबै निश्चय नै लज्जित हुनेछन्, र शर्ममा पर्नेछन् । तेरो
विरोध गर्नेहरू केही न केहीको हुनेछन् ।
१२ तेरा शत्रुहरूलाई तैंले खोजे पनि उनीहरूलाई भेट्टाउनेछैनस् । तेरो विरोधमा युद्ध
गर्नेहरू पनि बिलकुल निरर्थक हुनेछन्, र नष्ट हुनेछन् ।
१३ किनकि म, परमप्रभु तेरा परमेश्वर हुँ, म तेरो दाहिने हात समात्छु, र तँलाई
यसो भन्छु, 'नडरा, म तँलाई सहायता गर्नेछु' ।

## गवाही

जुडिथ परमेश्वरलाई भेट्न चाहन्थिन् । उनी निराश हृदयका साथ पवित्र आत्माको जागृति रिट्रिटमा गइन् ।

रिट्रिटको समयमा, धेरै मानिसहरूले जुडिथसँग प्रार्थना गरे ।

प्रार्थनाको बीचमा, जुडिथले उनको आत्माले उनको शरीर छोडिरहेको महसुस गरिन् ।

उनी आत्मिक रूपमा परिवर्तन भइन् र आफ्नो शरीरलाई देखिन् ।

जुडिथले आवाज सुनिन् :"जुडिथ, म तिमीलाई प्रेम गर्छु । तिमी मेरो सन्तान हौ । मैले तिमीलाई सधैं प्रेम गरेको छु ।"
त्यसपछि जुडिथले आकाशमा धेरै स्वर्गदूतहरू देखिन् जो उनलाई हेरेर मुस्कुराई रहेका थिए ।
जुडिथ आनन्दले भरिइन् । उनले परमेश्वरको आवाजलाई सुनिन् र उहाँको प्रेमलाई महसुस गरिन् ।
त्यसबेलादेखि, जुडिथले परमेश्वरलाई भेटेको उनको अनुभवको गवाही दिइरहेकी छिन् ।
स्रोत :सिड रोथ-स्वर्गदूतलाई हेर्न तपाईंको आँखा खोल्नुहोस्





# मनन्

१. के तपाईंले कहिल्यै निराश हृदयले अरू कसैको लागि प्रार्थना गर्नुभएको छ ? के परमेश्वरले तपाईंको निराश प्रार्थनाको जवाफ दिनुभयो ?

२. के तपाईंलाई थाहा छ, कि परमेश्वर तपाईंको बुबा हुनुहुन्छ, र तपाईं परमेश्वरको सन्तान हुनुहुन्छ ?



# प्रार्थना

प्रिय येशू, म तपाईंलाई भेट्न चाहन्छु । म तपाईंको आवाज सुन्न चाहन्छु । तपाईंको इच्छा पूरा गर्नुहोस् ।

# नोआ

## उत्पत्ति ६:७-१२

७ त्यसकारण परमप्रभुले भन्नुभयो, मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु- के मानिस, के घस्रने जन्तु, के आकाशका पक्षी सबैलाई - किनभने ती बनाएकोमा मलाई दु:ख लागेको छ । ८ तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो । ९ नोआको वृत्तान्त यही हो । आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए । तिनी परमेश्वरको साथै हिँड्ने गर्थे । १० नोआका तीन जना छोराहरू जन्मे- शेम, हाम र येपेत । ११ परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको र उपद्रवले भरिएको थियो । १२ जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्नो चालचलन भ्रष्ट पारिसकेका थिए ।

## उत्पत्तिको कथा

मानिसहरू पृथ्वीमा धेरै बड्दै गएर पाप पनि पृथ्वीमा भरिँदै गएको थियो । परमेश्वरले हेर्दा पृथ्वी पापले भरिएको र मनमा सधैँ दुष्ट विचार थियो । तर नोआमात्र परमप्रभु परमेश्वरबाट आगापे प्रेम पाएका मानिस थिए । त्यस समयमा मानिसहरूका बीचमा नोआमात्र धर्मी र निर्दोष मानिस थिए । नोआ परमेश्वरको इच्छाअनुसार मात्र जिउने मानिस थिए । त्यस समयमा मानिसहरू अति दुष्ट र भ्रष्ट भई पापले भरिएका थिए । त्यसैले परमेश्वरले नोआलाई रोज्नुभयो ।

"नोआ ! मैले यो पृथ्वीको मानिसहरू सबैलाई नाश गर्नेछु । मानिसहरूको पापले पृथ्वी भरिएको छ, मैले तिनीहरूलाई पृथ्वी समेत नाश गर्नेछु ।"
"लौ...अब मैले भन्ने कुरा राम्रोसँग सुनेर जस्ताको तस्तै गर ।"
परमेश्वरले आज्ञा गर्नुभए अनुसारको साइजलाई नोआ र उनका परिवारले मेहनतकासाथ जहाज बनाए । त्यस बीचमा नोआका छोराहरू शेम, हाम, येपेत जन्मिएर हुर्किएपछि सँगै जहाज बनाए । परमेश्वरले आज्ञा गर्नुभएअनुसार नोआले जस्ताको तस्तै सबै गरे । तिनी ६०० वर्षको हुँदा जहाज पूर्ण रूपमा तयार भयो । सोचेभन्दा बढी १२० वर्ष लगाएर बनाइएको जहाज थियो ।





## मनन्

१.के म परमेश्वरको वचन पालन गरेर जिएको छु ?

२.मैले कुनै क्रियाकलाप गर्दा परमेश्वरले मलाई आनन्दित तुल्याएर मेरो प्रशंसा गर्नुभएको छ भनी विचार गरेको छु ? के मैले त्यसरी नै गर्दैरहेको छु ?



## प्रार्थना

परमेश्वर, मलाई पनि नोआजस्तै परमेश्वरको अघि चुनिएको धर्मी परमेश्वरको सन्तान बनाइदिनुहोस् ।

# जर्ज मुलर

## रोमी ८:२४-२८

२४ किनकि यही आशामा हामीले मुक्ति पाएका थियौं । अब देखिनेचाहिँ आशा त आशा नै होइन । किनकि देखेका कुराको आशा कसले गर्छ र ?
२५ तर यदि हामी आफूले नदेखेका कुराको आशा गर्छौं भने, धैर्यसाथ हामी त्यसको प्रतिक्षा गर्छौं ।
२६ त्यसैगरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ ।
२७ र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ ।
२८ हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ ।

## एक महान रोल मोडेलको कथा

जर्ज मुलरलाई ५०,००० प्रार्थनाको उत्तर पाएका मानिस भनेर चिनिन्छ । मुलरले जे गरे पनि, उनले सधैं प्रार्थनाको साथ सुरू गर्ने गर्थे ।

जब मुलर जवान थिए, उनी खराब विद्यार्थी थिए । उनले पैसा चोरेको कारण उनको बुबाद्वारा पिटाई खान्थे ।

त्यसपछि एक दिन, मुलरले एक जवान मानिसलाई देखे जसले घुँडा टेकेर प्रार्थना गरिरहेको थियो ।

मुलरलाई त्यो जवान मानिसले यति धेरै छोयो कि उनले नयाँ गरी जन्मेर इसाई बन्ने निर्णय गरे ।

मुलर ईश्वरशास्त्र अध्ययन गर्ने स्कूल जान चाहन्थे, त्यसैले उनले घुँडा टेकेर प्रार्थना गरे । "हे परमेश्वर, म ईश्वरशास्त्र अध्ययन गर्ने स्कूल जान चाहन्छु । तर मसँग पैसा र बस्ने ठाउँ छैन, तर यदि यो तपाईंको इच्छा हो भने, मेरो प्रार्थनाको उत्तर दिनुहोस् ।"

प्रार्थना गरिरहँदा, उनले आफ्नो आमालाई सोधे जस्तैगरी विशेष चीजहरूको लागि प्रार्थना गरिरहेकोमा मुलरले परमेश्वर प्रति माफीको महसुस गरे ।
तर जब मुलरले प्रार्थना सके, कोही उनलाई खोज्दै आयो ।
विद्यालयमा भर्ना हुनको लागि पैसा कमाउन परमेश्वरले मुलरलाई मद्दत गर्न कसैलाई पठाउनुभयो ।
यो मुलरले पहिलो प्रार्थनाको उत्तर पाएका हुन् ।
त्यसपछि, जब मुलरले प्रार्थना गर्थे, उनले सधैं विस्तृतरूपमा विशेष कुराहरू माग्थे ।
र उनको सबै प्रार्थनाको उत्तर पाए ।
मुलरले परमेश्वरको लागि असल कुराहरू गर्न चाहन्थे ।
त्यसपछि परमेश्वरले उनलाई दर्शन दिनुभयो र मुलरले परमेश्वरको इच्छा पालन गर्न प्रार्थना गर्न थाले ।
भजनसंग्रह ८१ द्वारा, परमेश्वरले मुलरलाई भन्नुभयो : "तिम्रो मुख पूरा खोल, र म त्यो भरिदिनेछु ।"
उनले पहिलो पटक ४५ जना बालबालिकाको लागि अनाथालय बनाएका थिए ।
पछि, उनको अनाथालय १५०,००० जना बालबालिकाको घर बन्यो ।
यी बच्चाहरूलाई परमेश्वरको प्रेम बाँड्नको लागि, मुलरलाई " अनाथहरूका पिता" भनेर चिनिन्थ्यो ।





# मनन्

१. परमेश्वरले तपाईंलाई उत्तर दिनुभएका केही प्रार्थनाहरू के के हुन् ?

२. मेरो वरपरका मानिसहरूलाई मद्दत गर्न म केको लागि प्रार्थना गर्न सक्छु ?



# प्रार्थना

प्रिय येशू, मेरो प्रार्थनाहरू असल चिजहरू बनाउनको लागि प्रयोग गर्नुहोस् जसले तपाईंलाई प्रसन्न पार्छ ।

## शनिबार



आजको सङ्गतिमा पढेको
वचनलाई फेरि पढौं ।




# याद गरौं


आजको सङ्गतिको वचनलाई लेखौं ।

# प्रार्थना गरौं

आजको सङ्गतिको वचनलाई सम्झेर प्रार्थना गरौं ।



# ४. प्रभुले सिकाउनुभएको प्रार्थना



उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले प्रार्थना गर्दा
यसो भन, "हे पिता, तपाईको नाउँ पवित्र गरिओस्,
तपाईंको राज्य आओस् ।
लूका ११:२

हे हाम्रा स्वर्गमा बस्नुहुने पिता, तपाईंको नाउँ पवित्र गरिओस्, तपाईंको राज्य आओस् । तपाईंको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा पूरा होस् । हाम्रो दिनभरिको रोटी आज हामीलाई दिनुहोस्


अनि हाम्रो अपराध क्षमा गर्नुहोस् जसरी हामीले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं । हामीलाई परीक्षामा नल्याउनुहोस् तर दुष्टबाट बचाउनुहोस् । किनभने राज्य र पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन् ।


आमेन

# Let's Complete the Monthly Mission!



Complete the way to Jesus with given sticker once you finish each worship.




SUN
THU
FRI
SAT
SUN
SAT
THU
FRI
SUN
SAT
SUN
FRI
THU
SAT
FRI
THU



येशूले तपाईंलाई प्रेम गर्नुहुन्छ